सूचना !

प्रस्तुत विषयमा यस बरेङ गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा प्रक्रिया सुरु भईसकेको र नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय सरकारको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ लगायतका कानुनले निर्दिष्ट गरे बमोजिमको प्रक्रिया पूरा गर्नुका साथै गाउँपालिकाको वार्षिक बजेट, नीति तथा कार्यक्रमहरूलाई यथासम्भव सबै बरेङवासी नागरिकहरूको सहभागितामा निर्माण गर्ने व्यवस्था मिलाउनका लागि विभिन्न कारण देश भित्र र बाहिर रहनु भएका सम्पूर्ण बरेङवासी नागरिकहरूलाई तपसिल बमोजिमको माध्यमबाट आफ्ना राय सुझावहरू उपलब्ध गराइ सहयोग गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु । यहाँहरूको अमूल्य सुझावहरूका लागि विशेष आभार प्रकट गर्दै बरेङको सन्तुलित विकास र समृद्धिमा सबैको रचनात्मक सहयोग र सहभागिताको अपेक्षा समेत गर्दछु ।

**१. सुझाव प्रदान गर्दा देहायका क्षेत्रहरूलाई मध्यनजर गर्नु पर्नेछः**

| **क्र. सं.** | **विषयगत क्षेत्र** | **उपक्षेत्रका विषयहरू** |
|---|---|---|
| | आर्थिक विकास क्षेत्र | कृषि, सिँचाइ, पशु विकास, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी तथा वित्तीय सेवा आदि<br>दिगो विकास लक्ष्य अन्तर्गत<br>लक्ष्यः१- गरिबी हटाउनु,<br>लक्ष्यः२- शुन्य भोकमरी,<br>लक्ष्यः८- मर्यादित काम तथा आर्थिक वृद्धि  लक्ष्यः१०- असमानता न्यूनिकरण |
| | सामाजिक विकास क्षेत्र | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, संस्कृति प्रवर्द्धन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, संरक्षण, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक आदि र<br>दिगो विकास लक्ष्य अन्तर्गत<br>लक्ष्यः३- स्वस्थ जीवन र आरोग्यता,<br>लक्ष्यः४- गुणस्तरीय शिक्षा,<br>लक्ष्यः५- लैङ्गिक समानता,<br>लक्ष्यः६- स्वच्छ पानी र सरसफाइ |

| | | |
|---|---|---|
| | पूर्वाधार विकास क्षेत्र | सडक तथा पुल, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, सञ्चार आदि र<br><u>दिगो विकास लक्ष्य अन्तर्गत</u><br>लक्ष्यः७- सबैले धान्न सक्ने स्वच्छ उर्जा,<br>लक्ष्यः९- उद्योग, नविन खोज तथा पूर्वाधार, लक्ष्यः११- दिगो शहर तथा समुदाय |
| | वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र | वन, भू-तथा जलाधार संरक्षण, जलवायू परिवर्तन अनुकूलन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन, वातावरण तथा फोहोरमैला व्यवस्थापन र<br><u>दिगो विकास लक्ष्य अन्तर्गत</u><br>लक्ष्यः१२- उत्तरदायी उपभोग तथा उत्पादन, लक्ष्यः१३- जलवायु परिवर्तन अनुकुलन कार्य, लक्ष्यः१५- जमिन माथिको जीवन |
| | सुशासन तथा संस्थागत विकास क्षेत्र | संगठन तथा मानव संशाधन, संस्थागत क्षमता विकास, राजस्व परिचालन, वित्तीय व्यवस्थापन, नागरिक सन्तुष्टि सर्वेक्षण तथा सामाजिक उत्तरदायित्त्व, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षण, आन्तरिक र अन्तिम लेखापरीक्षण, बेरुजु र फछ्र्यौट, सेवा प्रवाह र यसको मापदण्ड निर्धारण, सेवा प्रवाह, सूचना प्रविधिको प्रयोग, अन्तर निकाय समन्वय र साझेदारी र<br><u>दिगो विकास लक्ष्य अन्तर्गत</u><br>लक्ष्यः१६- न्यायमा आधारित, शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन, लक्ष्यः१७- दिगो विकासका बहुसरकार र साझेदारी |

२. इमेल मार्फत सुझाव प्रदान गर्नका लागि foradvice.barengmun@gmail.com मा पठाउन सक्नु हुनेछ,
३. फोन मार्फत सुझाव प्रदान गर्नका लागि गाउँपालिका अध्यक्षको सम्पर्क नं ९८५७६२२५५१, उपाध्यक्षको सम्पर्क नं ९८५११७०४५८ वा प्रमुख प्रशासकीय अधिकृतको सम्पर्क नं ९८५७६३२३२८ मा फोन सम्पर्क गर्न सक्नुहुनेछ ।

४. भौतिक रुपमा उपस्थित भई लिखित सुझाव उपलब्ध गराउनका लागि नजिकैको वडा कार्यालयहरू वा गाउँ कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्न सक्नुहुनेछ ।

५. सुझाव उपलब्ध गराउनु पर्ने अन्तिम मिति २०८१।०२।२५ गते सम्म ।

**पूनश्चः** आ.व २०८१।०८२ मा यस गाउँपालिकाभित्र सञ्चालित हुने कुनै पनि गैरसरकारी संघ संस्थाहरूले आफ्नो वार्षिक योजना तथा कार्यक्रम गाउँ सभाबाट स्वीकृत गराउने प्रयोजनार्थ मिति २०८१।०२।२५ गते भित्र barengmun@gmail.com मा इमेल मार्फत वा यस कार्यालयमा पेश गर्नुहुन समेत अनुरोध गर्दछौं ।

कृष्ण प्रसाद शर्मा

अध्यक्ष